**प्राज्ञिक विमर्श**, वर्ष ७, अङ्क, १४, २०८२ असोज, ISSN 2676–1297

# जनयुद्धकालीन प्रगतिवादी नेपाली कवितामा बलिदानको प्रतिबिम्बन

❋अशोक सुवेदी
ashokpdsubedi@gmail.com

अध्ययनसार

*जनयुद्धकालीन प्रगतिवादी नेपाली कविता नेपालको कविता परम्परा र विशेषतः प्रगतिवादी कविता परम्पराकै एक विशिष्ट चरण हो । प्रगतिवादलाई मार्क्सवादको साहित्यिक प्रतिबिम्बन वा स्वरूप मानिन्छ । कम्युनिस्ट पार्टी मार्क्सवादलाई जीवन व्यवहारमा लागू गर्ने राजनीतिक साधन हुन् । नेपालमा कम्युनिस्ट पार्टी स्थापना (२००६ साल) कै आसपासमा २००७ सालबाट आरम्भ भएको साहित्यको प्रगतिवादी धारा कम्युनिस्ट आन्दोलनझैँ विभिन्न आरोह-अवरोह पार गर्दै अघि बढेको पाइन्छ। यसक्रममा मार्क्सवादको व्यावहारिक प्रयोग वर्गसङ्घर्ष र वर्गसङ्घर्षको उत्कर्ष स्वरूप जनयुद्ध आरम्भ भएपछि जनयुद्धले अभिव्यक्त गरेका अर्धसामन्ती अर्धऔपनिवेशिक राज्यसत्ताबाट उत्पीडित नेपाली श्रमिक जनमुदायका दुःख, पीडा, अभाव, उत्फन र त्यसबाट उन्मुक्ति पाउन जनताले वर्गसङ्घर्षको बाटो रोज्ने क्रममा प्राप्त गरेको अनुभव, जनयुद्धमा एकाकार हुँदा भएका युद्ध, त्यसबाट भएका क्षति, उपलब्धि र युद्धका क्रममा राज्य पक्षबाट भएको दमनको प्रतिरोध गर्ने क्रममा प्रदर्शित त्याग, शौर्य, बलिदान वा सहादतका विषय जनयुद्धकालीन प्रगतिवादी नेपाली कवितामा प्रतिबिम्बन भएको पाइन्छ। यस अध्ययनमा जनयुद्ध (२०५२-२०६२) को दश वर्षको अवधिमा एक सयभन्दा बढी जनयुद्ध पक्षधर प्रगतिवादी कविले कविताका माध्यमबाट जनयुद्धको त्याग, शौर्य र बलिदान गरेको पाइन्छ। त्यसमध्ये प्रतिनिधि केही कविका केही प्रतिनिधि कविका जनयुद्धकालमै फुटकर वा सङ्ग्रहका रूपमा प्रकाशित जनयुद्धमा जनता वा युद्धरत पक्षबाट भएका त्याग, शौर्य र बलिदानको प्रतिबिम्बन गर्ने कवितालाई चर्चा गरिएको छ।*

**प्रमुख शब्दावली** : वर्गसङ्घर्ष, समाजवादी यथार्थवाद, नयाँ यथार्थ, त्याग, शौर्य र बलिदान ।

**विषयपरिचय**

नेपालको राजनीतिक आन्दोलनमा मार्क्सवादी (मालेमावादी) धारको विशिष्ट स्थान छ। २००६ सालमा पुष्पलालले नेपाल कम्युनिस्ट पार्टीको स्थापना गरेपछि नेपालमा मार्क्सवादी विचार फैलियो र समाजलाई ऐतिहासिक तथा द्वन्द्वात्मक भौतिकवादी दृष्टिबाट अध्ययन गर्ने, बुझ्ने र बदल्ने प्रक्रिया सुरु भयो । नेपालमा कलासाहित्यका क्षेत्रमा प्रगतिवादको जन्म त्यसै क्रममा २००८ सालमा प्रकाशित कृष्णचन्द्रसिंह प्रधानको *भञ्ज्याङनिरै* कवितासङ्ग्रह र विशेषतः त्यसको भूमिकाबाट भएको स्थापित मान्यता छ।

वर्गसमाजमा दर्शन, विचारधारा र राजनीतिजस्तै साहित्य, कला र संस्कृति पनि वर्गीय हुन्छन् । एउटा वर्गले काम गराएर खाने, सम्पन्न वा राजनीतिक भाषामा शोषक वर्गको र अर्को वर्गले श्रमिक, उत्पीडित वा सर्वहारा वर्गको प्रतिनिधित्व गर्छन् । दर्शन, विचार र राजनीतिमा अभिव्यक्त वर्गको अवस्थिति साहित्य, कला र संस्कृतिमा पनि प्रकट हुन्छ । शोषित वर्गको मुक्तिका लागि दर्शन र राजनीतिमा मार्क्सवादले पक्षपोषण गरेजस्तै साहित्यमा मार्क्सवादी दर्शनको साहित्यिक अभिव्यक्तिका रूपमा रहेको प्रगतिवादले गरेको पाइन्छ । प्रगतिवादी नेपाली कविताको औपचारिक आरम्भ पनि प्रधानको *भञ्ज्याङनिरै* कवितासङ्ग्रहको प्रकाशनसँगै भएको हो ।

मार्क्सवादी दर्शन विचार, राजनीति, आदर्श र सङ्घर्षसँग आबद्ध र प्रतिबद्ध वैचारिक धारा भएकाले नेपालको प्रगतिवादी संस्कृति, कला, साहित्य र कविता पनि कम्युनिस्ट आन्दोलनकै मोडहरूसँग अघि बढेको इतिहास छ। त्यसैले विभिन्न चरण पार गर्दै अघि बढेको प्रगतिवादी नेपाली कविता २०५२ साल फागुन १ गतेबाट नेपाल कम्युनिस्ट पार्टी (माओवादी) को आह्वान र नेतृत्वमा सञ्चालित दीर्घकालीन सशस्त्र ग्रामीण वर्गसङ्घर्ष अर्थात् जनयुद्धसँगै नयाँ चरण र धारको विकास गर्दै अघि बढेको पाइन्छ। जनयुद्ध ग्रामीण किसानहरूले अर्धसामन्ती अर्धऔपनिवेशिक जगमा अडिएको राजतन्त्रात्मक संसदीय शासनसत्ताका विरुद्ध लक्षित वर्गसङ्घर्ष भएकाले यसमा सामन्तवादी समाज र राज्यसत्ताबाट बढी उत्पीडित, अविकसित, मूलतः ग्रामीण क्षेत्रका किसान, महिला, मजदुर, दलित, जनजाति, आदिवासी, मधेसी, युवा, शोषित वर्ग, जातिहरूको सहभागिता र नेतृत्व रहेको पाइन्छ। जनयुद्ध नेपालका कम्युनिस्ट शक्तिको नेतृत्वमा जनताले पहिलोपल्ट सुव्यवस्थित र योजनाबद्ध ढङ्गले पुरातन शोषणमूलक सत्ताका विरुद्ध लडेको उच्च स्तरको वर्गीय लडाइँ हो । शक्तिशाली हतियारले सुसज्जित प्रहरी, सेना, बनिबनाउ राजनीतिक सिद्धान्त, पार्टी, सत्ता, कर्मचारीतन्त्र, कानूनलगायत यथास्थितिका विरुद्ध बिनाहतियार वा कमजोर

❋**लेखक अनुसन्धानको क्षेत्रमा क्रियाशील व्यक्तित्व हुन् ।**

प्रविधिका हतियारको सहारामा मालेमावादी विचारको जगमा जनवादी सत्ता स्थापनाको लक्ष्यलाई केन्द्रमा राखेर गरिएको वर्गसङ्घर्ष भएकाले बलियो सत्ताले वर्गसङ्घर्ष दबाउन ठूलो बल प्रयोग गरेको र त्यसक्रममा जनताका पक्षमा दशौँ हजारको बलिदान वा सहादत भएको पाइन्छ । एक सयभन्दा बढी जनयुद्धकालीन प्रगतिवादी नेपाली कवितामा उत्पीडित वर्गका जनताले जनयुद्धमा सरिक भएर देखाएको बहादुरी, त्याग, शौर्य, वीरता, समर्पण र बलिदानका घटना, प्रकृति र आदर्शहरूको प्रभावकारी प्रतिबिम्बन भएको पाइन्छ । नेपालमा जनयुद्ध सञ्चालनमा रहेको दश वर्षको अवधिमा सयौँको सङ्ख्यामा त्याग, शौर्य र बलिदानको प्रतिबिम्बन गर्ने प्रगतिवादी कविता लेखिएको पाइन्छ । त्यसप्रकारका कविता साप्ताहिक, मासिक पत्रिका र समसामयिक सङ्कलन र पुस्तकमा प्रकाशित भएका छन् । त्याग, शौर्य र बलिदानका कविता लेख्ने कतिपय प्रगतिवादी कवि सशरीर जनयुद्धमा सरिक भएको, जनयुद्धमा लड्दालड्दै शहीद भएको उदात्त भाव र आदर्शको बाटो पछ्याउनु पर्ने उद्देश्यका कविता लेख्ने कवि कविता लेख्दालेख्दै र युद्ध लड्दालड्दै शहीद बनेको र फेरि अर्को योद्धा/स्रष्टाले त्यो त्याग र शौर्यका विषयलाई कवितामा प्रतिबिम्बन गरेका सन्दर्भहरू जनयुद्धकालीन प्रगतिवादी कवितामा प्रतिबिम्बित भएको पाइन्छ । त्याग, शौर्य र बलिदान प्रतिबिम्बित कविताहरू कतिपय जनयुद्धकालमै फुटकर र सङ्ग्रहका रूपमा प्रकाशित भएको र कतिपय जनयुद्धकालमा फुटकर प्रकाशित भएर जनयुद्धपछि सङ्ग्रहमा प्रकाशनमा आएको पाइन्छ । प्रायः जनयुद्धकालीन प्रगतिवादी कवितामा त्याग, शौर्य र बलिदानका सन्दर्भहरूको प्रतिबिम्बन भएको पाइन्छ तर यहाँ विशेषगरी प्रतिनिधिमूलक कविको सिङ्गो कविताले यसप्रकारको अवस्थाको प्रतिबिम्बन गरेको सन्दर्भको व्याख्या गरिएको छ ।

प्रगतिवादी नेपाली कविताधारा नेपालको कम्युनिस्ट आन्दोलनसँगै अघि बढेको र विकसित भएको क्रान्तिकारी वा आमूल परिवर्तनकारी धारा हो । कम्युनिस्ट आन्दोलनसँगसँगै अघि बढेकाले आन्दोलनको विजय, आरोह-अवरोह, फुट-विभाजन, गुटबन्दी वा त्यसका विरुद्धको वर्गसङ्घर्ष-अन्तरसङ्घर्षमा सफलतासँगै उत्साहको सहयात्रा कविता क्षेत्रले पनि गरेको छ । यस अर्थमा प्रगतिवादी नेपाली कविताले निरङ्कुश राणा शासनको उत्कर्षकाल हुँदै सक्रिय राणाशासनको पतन, किसान विद्रोह, पञ्चायती निरङ्कुशता-सक्रिय राजतन्त्र, झापा विद्रोह, २०३६ र २०४६ सालका जनआन्दोलनहरू र कम्युनिस्ट पार्टीको नेतृत्वमा २०५२ सालमा सुरु भएको जनयुद्ध सबै आन्दोलन, सङ्घर्ष, विद्रोह र युद्धमा लामबद्धता जनाउँदै सहयात्रा गरेको छ र हरेक मोड तथा चरणहरूमा आफ्नो शक्तिशाली प्रतिबद्धतासहित प्रभावकारी सहभागिता जनाएको छ । त्यसैले नेपालको मार्क्सवादी आन्दोलन र प्रगतिवादी कलासाहित्य एकअर्काका परिपूरक छन् । प्रत्येक चरणका प्रगतिवादी कवितामा त्यस युगका स्वरहरू प्रतिबिम्बित भएको पाइन्छ । यस अध्ययनमा जनयुद्धकालीन प्रगतिवादी नेपाली कविताले अवलम्बन गरेको मालेमावादी वर्गसङ्घर्षको प्रतिबिम्बनको सङ्क्षिप्त चित्र खिचिएको छ । जनयुद्धको अवधिमा सयौँको सङ्ख्यामा प्रगतिवादी कविताहरू लेखिएका छन् र तीमध्ये अधिकांश कवितामा यौद्धिक त्याग, वीरता र बलिदानको प्रतिबिम्बन भएको छ । यस अध्ययनमा सबै कविताको चर्चा सम्भव छैन । यसमा जनयुद्धकालीन प्रतिनिधि कविका प्रतिनिधि कवितामा प्रतिबिम्बित त्याग, शौर्य र बलिदानको चर्चा गरिएको छ ।

जनयुद्धकालीन प्रगतिवादी नेपाली कविताले अवलम्बन गरेको युद्धरत नेपाली समाजको चरित्र र अवस्थाका बारेमा सैद्धान्तिक र व्यावहारिक समालोचनाको स्तरबाट मोहन वैद्य 'किरण' अर्थात् चैतन्य, ऋषिराज बराल, ताराकान्त पाण्डेय, जगदीशचन्द्र भण्डारी, घनश्याम ढकाल, सुकुम शर्मा, रामप्रसाद ज्ञवाली, अशोक सुवेदी, हेमनाथ पौडेल आदिले अध्ययन र विश्लेषण गरेका छन् । ती अध्ययन कुनै सैद्धान्तिक रूपमा र कुनै कवि र कविताविशेष क्षेत्रमा भएका छन् । ती अध्ययनमा समग्र जनयुद्धकालीन प्रगतिवादी कविका प्रतिनिधि कविता छनोट गरेर गरेको पाइँदैन । त्यसकारण त्यही रिक्तताको परिपूर्ति गर्न जनयुद्धकालीन प्रगतिवादी कवि र कवितामध्ये कृष्ण सेन 'इच्छुक', पूर्ण विराम, मणि थापा, गङ्गा श्रेष्ठ, अञ्जान विरही, लोकेन्द्र विष्ट, ईश्वरचन्द्र ज्ञवाली, गणेश भण्डारी, अनिल श्रेष्ठ, अशोक सुवेदी र नव गाउँलेका त्याग, शौर्य र बलिदानसम्बन्धी प्रतिनिधि कवितालाई यहाँ विश्लेषणको विषय बनाइएको छ ।

जनयुद्धकालीन प्रगतिवादी कविका कविता र जनयुद्ध तथा जनयुद्धकालीन कवितामा प्रतिबिम्बत त्याग, शौर्य र बलिदानका स्वर र प्रवृत्तिका बारेमा समालोचक/समीक्षकहरूद्वारा गरिएका परिचर्चा र धारणालाई आधार बनाएर अध्ययन गरिएको छ । यो अध्ययन साहित्यिक र गुणात्मक प्रकृतिको भएकाले यस अध्ययनमा मार्क्सवादी, समाजवादी यथार्थवादी अर्थात् प्रगतिवादी मान्यताका आधारमा जनयुद्धकालीन प्रगतिवादी नेपाली कविताले प्रतिबिम्बन गरेको जनयुद्धमा भएको त्याग, शौर्य, समर्पण र बलिदानको प्रतिबिम्बन कसरी गरिएको छ भन्ने वस्तुगत विश्लेषण गरी प्राज्ञिक समस्याको समाधान गरी निष्कर्षमा पुगिएको छ ।

**सैद्धान्तिक पर्याधार**

प्रगतिवादलाई मार्क्सवादको साहित्यिक रूप मानिन्छ । नेपाली साहित्यमा प्रगतिवादी साहित्य लेखनको आरम्भ २००८ सालमा प्रकाशित तर २००६ र २००७ सालमा लिखित कृष्णचन्द्रसिंह प्रधानको *भञ्ज्याङनिरै* कवितासङ्ग्रह र त्यसको भूमिकाबाट भएको मानिन्छ । कलासाहित्य यथार्थको कलात्मक प्रतिबिम्बन भएकाले यसको सम्बन्ध दर्शन, विचार, राजनीति, अर्थशास्त्र, संस्कृतिलगायत सामाजिक यथार्थसँग अविभाज्य हुन्छ । नेपालको कम्युनिस्ट आन्दोलनको आरोह-अवरोहसँगै प्रगतिवादी कलासाहित्य पनि अघि बढेको छ । कम्युनिस्ट आन्दोलनको प्रभावकारी परिघटना जनयुद्धले नेपाली प्रगतिवादी साहित्यमा पनि नयाँ मोड ल्याएको पाइन्छ । यसअघि वर्गसङ्घर्षलाई लक्ष्य र आदर्श बनाएर कविता लेखिने गरेको भए पनि जनयुद्धको तयारी र आरम्भपछि वर्गसङ्घर्ष व्यवहारमै रूपान्तरित भएकाले सिद्धान्त, आदर्श, विचारको व्यवहारमा भएको मूर्तिकरण कविताका माध्यमबाट अभिव्यक्त भएकाले यस अवधिका प्रगतिवादी कवितामा यसले प्रभावकारी स्वर दिएको पाइन्छ। नेपाल कम्युनिस्ट पार्टी (माओवादी) को नेतृत्वमा २०५२ साल फागुन १ गतेबाट सुरु भएर एक दशकसम्म सञ्चालित सशस्त्र युद्ध वा वर्गयुद्ध नै जनयुद्ध हो। नेपाललाई अर्धसामन्ती अर्धऔपनिवेशिक राजनीतिक-आर्थिक-सांस्कृतिक अर्थात् सामाजिक अवस्थाबाट मुक्त पारेर नयाँ जनवादी गणतन्त्र हुँदै समाजवादसम्म पुऱ्याउने लक्ष्यले आरम्भ गरिएको जनयुद्धमा युद्धरत पक्षका मात्रै दश हजार हाराहारी मानिसले सहादत प्राप्त गरेको तथ्याङ्क छ (अशोक सुवेदी (सम्पा.), २०७७, परिशिष्ट)।

उत्पीडित जनताको मुक्तिका लागि विपन्न वर्गका जनताको सहभागितामा मेहनतकश जनताकै छोराछोरीले नेतृत्व गरेको र मार्क्सवाद लेनिनवाद माओवादको वैचारिक आलोकमा लडिएको युद्ध भएकाले यसलाई जनयुद्ध भनिएको हो । नेपाललाई अर्धसामन्ती तथा अर्धऔपनिवेशिक अवस्थाबाट मुक्त गरी नयाँ जनवादी गणतन्त्र हुँदै समाजवाद स्थापना गर्ने उद्देश्य राखेर लडिएको जनयुद्ध समग्र युद्ध भएकाले यसले समाजका सबै तह, तप्का, क्षेत्र र समुदायलाई प्रभावित पारेको र पुरानो यथार्थ अर्थात् पुरानो शोषणप्रधान सत्ता, पुरानो रूढिग्रस्त चिन्तन, पुरानो सामन्ती पद्धतिको ठाउँमा नयाँ चेतना, नयाँ यथार्थको निर्माण गरेकाले राजनीति, अर्थतन्त्रका साथै कला-साहित्यमा पनि यसले ठूलो प्रभाव पारेको पाइन्छ। जनयुद्धका क्रममा दसौँ हजार मानिसले प्रतिबद्ध भएर त्याग, शौर्य, समर्पण, वीरता, बलिदान/सहादत गरेकै कारण सत्ताको पुरानो, दमन-शोषणकारी यथार्थ बदलिएर नयाँ बन्ने क्रम सुरु भएको हो। क्रान्तिकारी हिंसासम्बन्धी मार्क्सवाद-लेनिनवाद-माओवादका शिक्षामा आधारित भई सर्वहारा वर्गको सार्वभौम र अपराजेय मार्क्सवादी सैन्य सिद्धान्तलाई ने.क.पा.(माओवादी) ले जनयुद्धको सिद्धान्त भनेर गाउँबाट शहर घेर्ने रणनीतिलाई अवलम्बन गरी दीर्घकालीन जनयुद्ध अगाडि बढाएको हो भन्ने माओवादी पार्टीको निष्कर्ष रहेको छ (चैतन्य, २०६४, पृ. १२)। स्रोत, साधन र शक्तिमाथिको असमान वितरण, भौगोलिक विकासमा देखिने असन्तुलन आदि कुराहरू पनि द्वन्द्वका कारण हुन सक्ने, गरिब, शोषित, पीडित, महिला, दलित र राज्यबाट पछि परेका सीमान्तीकृत क्षेत्रका समुदाय, जनजाति र राज्यको मूलधारमा प्रवेश पाउन नसकेका अल्पसङ्ख्यकको सहभागिता भएको सर्वहारावर्गीय राजनीतिक युद्धका रूपमा परिचित माओवादी जनयुद्धका कारक तत्त्व हुन् (पुरुषोत्तम रिजाल, २०७५)। रिजालले विष्णुराज उप्रेती (२०६१, पृ.३८) का भनाइ उद्धृत गर्दै कार्ल मार्क्स, फ्रेडरिक एङ्गेल्स र जोसेफ स्टालिनका राजनीतिक विचार र चिनियाँ क्रान्तिकारी नेता माओत्सेतुङको वैचारिक रणनीतिबाट प्रभावित भई माओवादी जनयुद्ध प्रारम्भ भएको धारणा व्यक्त गरेका छन् ।

जनयुद्धकालीन प्रगतिवादी नेपाली कवितामा प्रायः कविले जनयुद्धमा त्याग, शौर्य प्रदर्शन गर्दै वीरगति प्राप्त गर्ने आम शहीद र शहीद विशेषका बारेमा पनि कविता लेखेको पाइन्छ । युद्धमोर्चामा लड्दालड्दै भएका बलिदान, जनयुद्धको वैचारिक र सांस्कृतिक आन्दोलनको नेतृत्व गर्दागर्दै भएका बलिदान र विशेषगरी योद्धाहरूको गुपचुप हत्या, सामूहिक बलात्कारपछि हत्या, मुठभेडका नाममा सामूहिक हत्या, बीभत्स र क्रूरतापूर्वक गरिएको हत्याका साथै सांस्कृतिक क्षेत्रका शहीद र तिनका प्रतिरोध सङ्घर्षका कथालाई विचार, राजनीति र भावनासँग घोलेर कलात्मक रूपमा प्रस्तुत गरिएका कविता यस अध्ययनका सामग्री हुन् ।

नेपाल लामो समयदेखि अर्धसामन्ती र अर्धऔपनिवेशिक अवस्थामा रहिआएको र त्यसमा पनि नेपालको सामाजिक जीवन मूलतः सामन्तवादी उत्पादन सम्बन्धमा आधारित रहिआएको, विभिन्न तह र तप्काका नेपाली जनता सामन्तवादी उत्पीडन, दमन र बन्धनमा पर्दै आएको, यो उत्पीडन वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक र जातव्यवस्थामा अभिव्यक्त हुँदै आउनुका साथै साम्राज्यवादी हस्तक्षेप र विस्तारवादी प्रभुत्वसँग पनि सम्बन्धित रहेको छ (चैतन्य, २०६४, पृ. ४) । नेपालमा मजदुर, किसान, दस्तकारसहित विशाल श्रमिक वर्ग, जनजाति, महिला, दलितलगायत आमजनसमुदाय स्वाधीन भएर बाँच्न र आफ्नो सिर्जनात्मक ऊर्जाको उद्घाटन गर्न पाउने अधिकारबाट वञ्चित हुनुपरेको अवस्था उल्लेख गर्दै चैतन्यले यसलाई मानवीय स्वत्व र सिर्जनात्मक क्षमताको अपहरणका अर्थमा बुझ्नुपर्ने बताएका छन् ।

त्याग, शौर्य, समर्पण, वीरता, उत्सर्ग र बलिदानको सन्दर्भलाई जनयुद्धकालीन प्रायः प्रगतिवादी कविहरूले विषयवस्तुका रूपमा प्रस्तुत गरेकै पाइन्छ र आफ्ना वर्गसखाहरूको मृत्युलाई गौरवशाली बनाउँदै त्यसलाई शिक्षा र ऊर्जाका रूपमा प्रभावकारी र कलात्मक शैलीले प्रस्तुत गरिएको पाइन्छ। जनयुद्धकालीन प्रगतिवादी कवितामा सहादत र बलिदानको प्रतिबिम्बनका सम्बन्धमा प्रचण्ड, चैतन्य, ऋषिराज बराल, ताराकान्त पाण्डेय, घनश्याम ढकाल, जगदीशचन्द्र भण्डारी, गोपीन्द्र पौडेल, नन्दीश अधिकारी, दिल साहनी, सुकुम शर्मा, रामप्रसाद ज्ञवाली, मधुसूदन गिरी, अमर गिरी, हेमनाथ पौडेललगायत अध्येताले विभिन्न सन्दर्भमा पात्रविशेष, घटनाविशेषसँग सम्बन्धित भएर परिचर्चा गरेको भए पनि प्रतिनिधि कवि र प्रतिनिधि कविता छनोट गरेर यस सम्बन्धमा एकमुष्ट अध्ययन गरेको पाइँदैन। त्यसकारण यस अध्ययनमा उक्त रिक्तताको परिपूर्ति गरिएको छ।

**जनयुद्धकालीन प्रगतिवादी नेपाली कवितामा बलिदानको प्रतिबिम्बन**

यसअघि पनि सामान्य रूपमा चर्चा गरिएको छ, जनयुद्धकालीन प्रगतिवादी नेपाली कविताले जनयुद्धमा जनताका तर्फबाट भएको त्याग, शौर्य, समर्पण र मूलतः बलिदानको प्रतिबिम्बनको विषयलाई लिएर विभिन्न समालोचकहरूले समीक्षा गरेका छन्। स्वाधीनता सङ्ग्राममा थुपै मानिसहरू शहीद भएका, उत्पीडित राष्ट्र र जनताको मुक्तिका साथै विविधखाले शोषण र दमन समाप्त पारी सबै मानिस हाँसीखुसी बाँच्न पाउने समाज सिर्जना गर्न आफ्नो प्राणको आहुती दिने शहीदहरू साँच्चिकै महान् रहेको, शोषक र सामन्तले जनजीवनलाई नरकतुल्य बनाइदिएको, एकातिर श्रमजीवी जनताको रगत र पसिनामा बाँच्ने मुट्ठीभर परजीवीहरू लुटको स्वर्गमा रमाइरहेको, अर्कातिर नरकतुल्य जीवन बिताउन बाध्य भोकानाङ्गा जनताको विशाल समूह त्यही कुरूप यथार्थलाई भत्काएर सुन्दर बनाउने अभियानको अगुवाइ गर्दै शहीदहरू बलिदान भएको, वर्गयुद्धको यो महान् अभियानमा संलग्न भई समर्पित हुन आह्वान गरेको पाइन्छ (घनश्याम ढकाल, २०६३-०६५, *कलम १५ (१), पृ. ४६-४७*)। नेपाली नयाँ जनवादी क्रान्तिको इतिहासमा जनयुद्ध त्याग, वीरता र बलिदानको समुज्ज्वल गाथा बनेर प्रस्तुत भएको छ। यो गाथाका युगनायकहरू कर्मवीर नेपाली जनताको महान् अभियानमा लामबद्ध रहेका छन् र कैयौँ कविहरूले यिनै योद्धाहरूका वीरता र बलिदानका उदात्त कीर्तिमानहरूप्रति उच्च सम्मान जाहेर गरेका छन् (चैतन्य, २०५७, भूमिका)। जनयुद्धकालीन कवितामा विपरीतहरूको एकत्व पाइने चैतन्यको भनाइ छ। स्वर र शिल्पको सङ्गतिमा कलामूल्य सन्निहित हुने र जीवनमा हुने प्रगति, विकास र परिवर्तनसहित कविताको अन्तर्वस्तु र रूपमा पनि नवीनता आउने धारणा उनले राखेका छन्। (चैतन्य २०५७, पृ. १७)। जनयुद्धकालीन प्रगतिवादी कवितामा सामन्तवाद, साम्राज्यवाद, विस्तारवाद र संशोधनवादको विरोध र उत्पीडित जनसममुदाय, क्रान्तिकारी योद्धाहरू, वर्गसङ्घर्ष, जनआन्दोलन र जनयुद्धका पक्षमा सशक्त स्वरहरू मुखरित भएको उनको भनाइ छ। उनी भन्छन् -

*विषयवस्तुको केन्द्रभूमि वर्गसङ्घर्षको तुफानी केन्द्रका रूपमा विकसित ग्रामीण परिवेश रहेको छ। नदी-नाला, पहाड-पर्वत, बन-पाखा, वनस्पति, फूल र चराचुरुङ्गी, हावा-पानी, गाउँ-बस्ती, सामाजिक जीवन र संस्कृति, भाव र विचार सबै क्रान्ति र जनयुद्धको नयाँ परिवेशमा रङ्गिएर प्रस्तुत भएका छन्। त्यसैअनुरूप कविताको भाषामा बम, बारुद, कब्जा, आक्रमण, विस्फोट, छापामार, जनसेना, जनसमर, अपरेसनजस्ता शब्दहरू नयाँ यथार्थलाई अभिव्यक्ति दिन बढी प्रचलित बन्न गएका छन्। त्यस्तै अहिलेका मिथक, बिम्ब र प्रतीकहरूले संसदीय फासिवादी सत्ताका संवाहकहरूलाई शकुनि, राक्षस, कंश, नरभक्षी, दानव, इदिअमिन, हिटलर, मुसोलिनीजस्ता नीच तथा कुरूप र वर्गयुद्धमा संलग्न छापामार जनसमुदाय तथा वीरगति प्राप्त गर्ने शहीदहरूलाई रक्तबीज, रणचण्डी, राता सिपाही, आस्थाका प्रतीक, सुन्दर फूल, क्रान्तिका चिरागजस्ता उदात्त तथा सुन्दरका रूपमा नयाँ प्रस्तुति दिइरहेका छन्।*

जनयुद्धकालीन प्रगतिवादी कविताले क्रान्तिकारी योद्धा र प्रतिक्रियावादी सत्ताको आतङ्ककारी क्रियाकलाप बिच अन्तरविरोध उजागर गर्दै महिला योद्धा, सांस्कृतिक योद्धा तथा छापामार योद्धाहरू र शहीदहरूका यशश्वी गाथाहरूको सजीव चित्रण गरेको उनको निष्कर्ष रहेको पाइन्छ। त्यसैगरी क्रान्तिका वीर योद्धाहरूको बलिदान गाथाको प्रशंसा गर्नु, क्रान्तिको महान् यात्राको निरन्तरताप्रति गहन आस्था प्रकट गर्नु, कायरता र गद्दारीको विरोध गर्नु, आँसुलाई आगो र सुस्केरालाई बारुदको धुवाँमा बदल्ने दृढता र सङ्कल्प व्यक्त गर्नु, हराइरहेका आफन्तहरू/बेपत्ता पारिएका जनयुद्धका योद्धाहरूको स्मरण गर्नु, प्रकृतिको मानवीकरण गर्नु, अभिव्यक्त अनुभूति र विचारहरू जनसमुदाय, जनमुक्ति सेना, मोर्चा तथा पार्टीका समस्त योद्धाहरू र वर्तमान युगको मनोविज्ञान र चेतनालाई सामूहिक रूपमा प्रतिबिम्बन गर्नु यस अवधिका कविताको विशेषता रहेको छ।

जनयुद्धलाई सम्बोधन गरी गरिएको 'द्वन्द्वरत वर्तमान' पदावलीले नेपाली समाजको वर्तमान कालखण्डमा अँध्यारो यथास्थितिका विरुद्ध उज्यालो भविष्यका निम्ति उत्पीडित नेपाली जाति/वर्गले चलाइरहेको सचेत वर्गसङ्घर्षको युगयथार्थलाई सङ्केत गर्न खोजेको छ (ताराकान्त पाण्डेय,२०५४ पृ. ६४) ।

मार्क्सवादी वा प्रगतिवादी कलासाहित्यले श्रमिक, उत्पीडित र शोषित वर्गको सेवा गर्ने भएकाले यसलाई सर्वहारा वर्गीय साहित्य पनि भनिएको पाइन्छ। मार्क्सवादी मतअनुसार वर्गसमाजमा दर्शन, विचार, अर्थतन्त्र, संस्कृति, कानूनजस्तै राजनीति पनि वर्गीय हुन्छ । समाज शोषक र शोषित दुई वर्गमा विभाजित भएकाले दर्शन, विचार, राजनीति, अर्थतन्त्र, संस्कृति पनि दुई वर्गका स्वार्थअनुसार निर्मित हुन्छन् । मार्क्सवादी दर्शन बहुसङ्ख्यक शोषित वर्गलाई शोषणबाट मुक्त बनाएर समानतामूलक समाज निर्माण गर्ने समानतामा आधारित साम्यवादी दर्शन हो । जनयुद्ध मार्क्सवादी दर्शनबाट प्रेरित, प्रभावित र निर्देशित भएर सञ्चालित समग्र युद्ध, वर्गयुद्ध भएकाले जनयुद्धकालीन प्रगतिवादी कविताहरूले श्रमिक, शोषित वर्गको मुक्तिका पक्षमा सन्देश प्रवाह गरेका छन् । त्यसैले जनयुद्धको कवितामा र कविताको जनयुद्धमा प्रतिबिम्बन भएको पाइन्छ।

### जनयुद्धकालीन प्रगतिवादी नेपाली कविताका मूल प्रवृत्ति

जनयुद्धकालीन प्रगतिवादी नेपाली कविताले बहुआयामिक महत्त्व बोकेका छन् । नेपाली प्रगतिवादी कविता आन्दोलनमा जनयुद्धकालीन कविताले नयाँ अर्थात् क्रान्तिकारी धारको प्रतिनिधित्व मात्र नभएर नेतृत्व नै गर्छन् । जनयुद्धकालमा लेखिएका प्रगतिवादी कविता नै नेपालको प्रगतिवादी कविता इतिहासमा क्रान्तिकारी मालेमावादी धारको नेतृत्व गर्न र सिङ्गो प्रगतिवादी कविता आन्दोलनमा जनयुद्धसिर्जित नयाँ यथार्थको प्रतिबिम्बन गर्न सक्षम, नयाँ तथा विकसित इतिहास कायम गर्न सफल र चौथो चरण निर्माण र नेतृत्व गर्न सबल छन् । मालेमाको बल प्रयोगको सिद्धान्तको व्यवहारमै रूपान्तरण भएको यस अवधिका प्रगतिवादी कविताले मालेमाको दार्शनिक, वैचारिक, राजनीतिक र व्यावहारिक भार बहन गर्छन् ।

जनयुद्धकालीन प्रगतिवादी नेपाली कविता मालेमाको उच्च र अन्तिम प्रयोग वर्गसङ्घर्षको उपज भएकाले यसप्रकारका कविताले जनयुद्ध अर्थात् मालेमाको प्रयोगले समानतामूलक समाज निर्माणका लागि प्रदान गरेको दार्शनिक र वैचारिक हतियारको व्यावहारिक प्रयोग वर्गसङ्घर्षको औचित्यका साथै कलात्मक प्रतिबिम्बन गर्छन् । यी कविताले नेपालको श्रमिक वर्गले निर्वाह गरेको भुक्तमान र उत्पीडित वर्गले आफ्नो वर्गको उदयका लागि बोकेको हतियारको औचित्य साबित गर्छन् । त्यसैले जनयुद्धकालीन प्रगतिवादी नेपाली कविता जनयुद्धका काव्यात्मक अभिव्यक्ति हुन् । आर्थिक, सांस्कृतिक, सामाजिक, राजनीतिक, लैङ्गिक, जातीय, वर्गीय, धार्मिकलगायत साधन र सत्ताको दुरूपयोगबाट उत्पीडित शोषित वर्गको मुक्तिका लागि शोषक वर्गका विरुद्ध जनताले सञ्चालन गरेको शताब्दियौँ देखिको वर्गसङ्घर्षको सैद्धान्तिकीकरणका साथै त्यसको व्यावहारिक प्रयोगको औचित्य साबित गर्न सफल छन् । त्यसैले यी भोका पेट, नाङ्गा आङ र झुप्राछाप्राका पक्षमा लेखिएका वैचारिक कविता हुन् ।

प्रस्तुत अध्ययनमा बलप्रयोग वा हतियारबाट प्राप्त र सुरक्षित शोषक वर्गीय राज्यसत्ताको अन्त्य र समानतामूलक जनवादी-समाजवादी सत्ताको स्थापना जनताको बलप्रयोगबाटै हुने भएकाले बल प्रयोगका लागि योद्धाहरूमा कार्यकुशलता, क्षमता, दक्षता, विवेकशीलताका साथै शूरता, क्रान्तिकारी त्याग, शौर्य र बलिदानी भावना आवश्यक रहेको र त्यसको प्रयोग जनयुद्धमा भएको विचार जनयुद्धकालीन प्रगतिवादी कविताले प्रकट गरेका छन् । वर्गस्वार्थले प्रेरित र वर्गमुक्तिको उद्देश्यमा केन्द्रित जनयुद्धमा लामबद्ध योद्धाहरू त्यही दर्शन र विचारले ओतप्रोत भएर लडेको र युद्धका क्रममा अनेकन् दुःख, कष्ट, हैरानी, पीडा भेलेको विषय जनयुद्धकालीन प्रगतिवादी कवितामा अभिव्यक्त भएको पाइन्छ । जनयुद्धमा लामबद्ध नेता, कार्यकर्ता, जनसेना, समर्थक-शुभचिन्तक र जनतासम्मले राज्यसत्ताबाट चरम यातना र मृत्यु भेलेका विषय कवितामा व्यक्त भएका छन् । जनयुद्धकालीन प्रगतिवादी कवितामा प्रतिबिम्बित यथार्थ जनयुद्धसिर्जित यथार्थ हो । त्यसैले युद्ध जुन गतिमा, जुन भावमा, जुन परिस्थितिमा, जुन आवेगमा, जुन शौर्यमा अघि बढेको छ जनयुद्धकालीन प्रगतिवादी कवितामा त्यही अवस्था र स्थितिको प्रतिबिम्बन भएको पाइन्छ । यहाँ जनयुद्धकालीन प्रगतिवादी कविताले त्याग, शौर्य र बलिदानका पक्षमा प्रस्तुत गरेको कलात्मक प्रतिबिम्बनको सङ्क्षिप्त प्रकटीकरण गरिएको छ ।

### जनयुद्धकालीन प्रगतिवादी कविताले संवहन गरेको बलिदानको प्रतिबिम्बनको साक्ष्य

जनयुद्धले मूलतः त्याग, शौर्य, समर्पण, विवेक, आवेग र बलिदान माग गर्ने भएकाले जनयुद्धकालीन कवितामा युद्धसिर्जित यिनै अवस्थाको प्रतिबिम्बन कविता लेखन र प्रकाशनको कालक्रमिक रूपमा गरिएको छ । जनयुद्धकै समयमा प्रकाशित कवितामा प्रयोग भएको भाषा र व्याकरण जस्ताको तस्तै उद्धरण गरिएको छ ।

*क) धरमपानी*

अनिल श्रेष्ठको *मृत्युपर्व होइन मेरो देश* कवितासङ्ग्रहमा सङ्गृहीत कविता हो *धरमपानी* । धरमपानी अभिधात्मक अर्थमा युद्ध बेहोरेको एउटा ठाउँको नाउँ हो तर कविताको धरमपानी युद्धसिर्जित शौर्य, बलिदान, गौरव र प्रतिष्ठाको नयाँ बिम्ब हो :

*धरमपानी !*
*चट्टानहरूलाई कहिल्यै संगीनहरूले छेड्न सकेको छ र ?*
*नदीहरूलाई कहिल्यै बाँधहरूले छेक्न सकेको छ र ?*
*रातहरूले कहिल्यै फूलका रंगहरूको*
*हत्या गर्न सकेको छ र ?*
*तिमी त्यसरी नै उभिरह्यौ निर्भीक, छातीमा पहाडहरू बोकेर*
*र शत्रुका पाइलाहरूलाई पछ्याउँदै*
*युद्धमा मोर्चा कसिरह्यौ*
*(अनिल श्रेष्ठ, मृत्युपर्व होइन मेरो देश,* ***धरमपानी****, पृ. ४१)*

श्रेष्ठले युद्धको प्रतीकात्मक बिम्ब बनेको धरमपानीलाई सङ्गीनहरूले छेड्न नसकेको चट्टान, बाँधहरूले छेक्न नसकेको नदी, रातहरूले हत्या गर्न नसकेको कहिल्यै नउड्ने फूलको रङको उपमा दिँदै जनयुद्धमा दुस्मनसामु त्यसरी नै निर्भीक भएर छातीमा पहाडहरू बोकेर उभिएको र शत्रुका पाइलाहरूलाई पछ्याउँदै युद्धमा मोर्चा कसिरहेको बताएर जनयुद्धमा मानिस, बस्ती मात्र नभएर प्रकृति पनि दृढतापूर्वक शौर्य प्रदर्शन गर्दै शासकहरूका हत्याअभियानका विरुद्ध उभिइरहेको नयाँ अवस्था निर्माण भएको सन्देश दिएका छन् । युद्धमा लड्ने त विचार, मानिस र हतियार हुन् तर स्रष्टाहरूले मानिसका साथसाथै प्रकृति पनि लडिरहेको, साथ दिइरहेको, जित्दा खुसी र हार्दा शोकविह्वल बनिरहेको भन्दै प्रकृतिलाई मानवीकरण, युद्धीकरण गरेको पाइन्छ ।

*ख) एक मरे हजार जन्मिन्छन्*

*एक मरे हजार जन्मिन्छन्* अशोक सुवेदीको युद्धघोष सङ्ग्रहको कविता हो । यस कविताले जनयुद्धलाई युगको वेगवान् नदी र सत्ताको दमनलाई झुत्रे बाँधका रूपमा परिभाषित गरेको छ । आतङ्क मच्चाउनु अराजकता उत्पन्न गर्नु हो । शासकहरूको दृष्टिले जनयुद्ध आतङ्क थियो र जनयुद्धकारी अर्थात् माओवादीहरू आतङ्ककारी थिए । यसको प्रत्युत्तरमा माओवादीले सत्ताको श्वेतआतङ्कका विरुद्ध जनयुद्ध क्रान्तिकारीहरूले सिर्जना गरेको लालआतङ्कका रूपमा परिभाषित गरेको थियो । कवितामा जनयुद्धविरुद्ध दमनमा उत्रिएको सत्ताले भनेजस्तै जनताका समस्या समाधान गर्ने उद्देश्य राखेर जनयुद्ध लड्ने माओवादीहरू आतङ्ककारी नै हुन् भने आफ्नो स्वरूप अझ छर्लङ्ग देखिने गरी प्रस्तुत गरिदिन युद्धकर्ता पक्षसँग आह्वान गरिएको छ :

*झुत्रे बाँधले युगको वेगवान् नदी छेकिन्न*
*देश र जनताका लागि लड्ने आतङ्ककारी नै हो भने*
*देखाइदेऊ तिम्रो सक्कली रूप*
*चाखून् जनद्रोहीहरूले झूट र बकबासको फल छिट्टै !*
*जनताको नाङ्गो छाती पनि*
*निरङ्कुश शासकको गोलीभन्दा दह्रो हुन्छ*
*विचारले चलेकाहरू बन्दुकदखि डराउँदैनन्*
*एक मरे सय जन्मिन्छन्- हजार जन्मिन्छन्, अघि बढ्छन्*
*बोकेका बन्दुक नबिसाओ राता योद्धाहरू हो*
*जनता उठिसकेका छन् दह्रो हुँकार बोकेर !*
*(एक मरे हजार जन्मिन्छन्,* ***युद्धघोष,*** *पृ. २२)*

कवितामा जनताको शक्ति अपराजेय हुने विषयको चर्चा गर्दै क्रान्तिमा लामबद्ध जनताको नाङ्गो छाती र शहीदको शव पनि निरङ्कुश शासकको गोलीभन्दा शक्तिशाली हुने बताइएको छ । सत्ताको रक्षाका लागि बन्दुक चलाउनेहरू तलबी वा भाडाका प्रहरी-सैनिक भएकाले तिनमा विवेकभन्दा बढी नुनको सोझो गर्ने, तलब पकाउने, जागिर धान्ने मात्र ध्येय हुने र सत्ता परिवर्तनका लागि विचारलाई केन्द्रमा राखेर युद्धमा लामबद्ध भएकाहरू छोटो आयु भएको सत्ताको बन्दुक वा हतियारदेखि नडराउने भन्दै कविताले सत्ताको बन्दुकले एक योद्धालाई मात्र ढाल्यो भने पनि त्यो रक्तबीज भएर फैलिने र सयौँ, हजारौँ क्रान्तिकारीको जन्म हुने भएकाले सत्ताको बन्दुकदेखि कत्ति पनि नडराउन र निर्भीक भएर अघि बढिरहन आह्वान गरिएको छ ।

*ग) हाम्रो एक थोपा रगत*

अञ्जान विरही जनयुद्धका एउटा योद्धा पनि हुन् र स्रष्टा तथा शहीद पनि हुन् । मानव जातिलाई सबै किसिमका शोषण, अन्याय, अत्याचार र व्यभिचारको जालोबाट मुक्त पार्न जनयुद्धमा लामबद्ध कवि अञ्जान विरही, जनयुद्धमा बगेको आफ्ना सहयोद्धाको रगतको मूल्य खोजिरहेका स्रष्टा अञ्जान विरही, शहीदको रगतको बदला युद्धमा विजयबाटै लिइछोड्ने प्रतिबद्धता व्यक्त गरेका अञ्जान विरही युद्धभूमिमै बलिदान गर्ने स्रष्टा हुन् इच्छुक, चुनु, शिव, मस्त, शारदा, रक्तिमहरूजस्तै । *समकालीन नेपाली कविता*मा सङ्कलित *हाम्रो एक थोपा रगत* कवितामा उनी भन्छन् :

*कसैको रगत खेर गएको छैन र जाने पनि छैन*
*बरु याद गर !*
*यो बदलाको जवाफ बदलामै आउनेछ*
*जति सुरक्षित घेरामा भए पनि*
*पालाको पैँचो एकपटक तिरिनेछ ।*
*हाम्रो एक थोपा रगत पनि खेर जाने छैन*
*बरु यही रगतले लेखिँदै जानेछ जीवन्त इतिहास*
*यही रगतले देखाउनेछ मुक्तिमार्गको इतिहास*
*र अन्त्यमा जन्माउनेछ नयाँ शुभदिन ।*
*(हाम्रो एक थोपा रगत,* ***समकालीन नेपाली कविता,*** *पृ. २१)*

जनयुद्ध यस्तै अनौठा, अपत्यारिला, अचम्म लाग्ने घटनाहरूले भरिएको पाइन्छ । लडाइँका मोर्चाहरूमा आफू शहीद भएमा आफूलाई पुर्न वा आफ्नो अन्तिम संस्कार गर्नका लागि सहयोद्धाहरूलाई औजार खोज्न सकस नहोस् र दुस्मनले आफ्नो शवको अपमान गर्न नपाओस् भनेर आफैँले गैँची, बेल्चा, डोको, नाम्लो, स्ट्रेचर बोकेर युद्ध लडेका सन्दर्भहरू जनयुद्धका कवितालगायत साहित्यमा लेखिएको पाइन्छ । आफैँसँग युद्ध लड्दालड्दै रगत बगाएको, शहीद भएको, अङ्गभङ्ग भएको सहयोद्धाका बारेमा कविता लेख्ने कवि योद्धा कविता लेख्दालेख्दै शहीद भएको र फेरि उसका बारेमा अर्को कविले कविता लेख्नुपरेका सन्दर्भहरू पनि जनयुद्धका कविता भएर आएका छन् । त्यसैले पनि जनयुद्ध पुरानो यथार्थ होइन, सामान्य यथार्थ होइन । यो नयाँ यथार्थ हो भनेर जनयुद्धले सिर्जना गरेको संस्कृति, कला र साहित्यको चर्चा गर्ने विश्लेषकहरूले व्याख्या गरेका छन् ।

*घ) सलाम रक्तिम फूलहरूलाई*

*समकालीन नेपाली कविता*मा सङ्गृहीत *नव गाउँले*को *सलाम रक्तिम फूलहरूलाई* कविता जनयुद्धमा लामबद्ध योद्धाहरूको त्याग, शौर्य, बलिदान तथा वर्गप्रेमको एउटा राम्रो नमुना हो :

*आजादको रगत भिजेको पूर्वमा फुलेको लालुपाते*
*लोक-मनको रगत मिलेको पश्चिममा फुलेको सूर्यमुखी*
*खबरदार ! हात नहाल जल्लादहरू*
*मूल्य महङ्गो पर्न सक्छ*
*होसियार ! नचुँड कोपिलाहरू*
*अरिंगाल टाउकोमा खनिन सक्छ*
*मेरो फूलबारी जो आज हाँस्न खोज्दैछ*
*सलाम ! ती रक्तिम फूलहरूलाई जो निर्धक्क फुल्न खोज्दैछन्*
*सलाम ! मालीहरूलाई*
*जो निरन्तर फूलबारीमा पसिना सिञ्चिरहेछन्*
*सलाम ! ती चम्किला ताराहरूलाई*
*जो निडर चम्किरहेछन्*
*सलाम ! ती उच्च प्रतीकहरूलाई*
*जो सिजदेखि सगरमाथा छुँदैछन्*
*सलाम ! ती राता सिपाहीहरूलाई*
*जो चे र चु तेह बन्न सिक्दैछन्*
*रक्तिम सलाम ! ती अगुवाहरूलाई*
*जो लम्बे अभियानको अगुवाइ गरिरहेछन् ।*
*(सलाम रक्तिम फूलहरूलाई,* ***समकालीन नेपाली कविता,*** *पृ. ६७)*

कविताले स्वतन्त्रता प्राप्तिको मुक्ति आन्दोलनमा सिन्धुलीमा बलिदान गर्ने शहीद ऋषि देवकोटा 'आजाद' को रगतले भिजेको पूर्वदेखि शहीद लोक-मनको रगत पोखिएको पश्चिमसम्म फुलेका लालुपाते र सूर्यमुखीको संज्ञा दिएका छन् शहीद योद्धाहरूलाई र समानताका लागि जारी वर्गसङ्घर्ष लड्ने योद्धाहरूमाथि हात नहाल्न अर्थात् दमन नगर्न सत्तालाई खबरदारी गर्दै जनदमनमा उत्रिने शासकहरूलाई वर्गसङ्घर्ष महँगो पर्नसक्ने चेतावनी पनि दिएका छन् । कविताले वर्गसङ्घर्षमा लामबद्ध योद्धाहरूलाई कोपिलाको संज्ञा दिँदै कोपिला नचुँड्न सावधान गराएको छ र सावधान गराउँदा-गराउँदै सत्ताले अटेर गरेर दमन र हत्याअभियान जारी राखेमा तिनको टाउकोमा अरिङ्गाल खनिन सक्ने खबरदारी पनि गरेको छ। कवितामा नेपालमा जारी जनयुद्ध पनि अन्तर्राष्ट्रिय आन्दोलनको एक हिस्सा भएको सङ्केत गरिएको छ।

*ङ) दार्बोटको जङ्गलमा*

कृष्ण सेन 'इच्छुक' जनयुद्धकालीन प्रगतिवादी कविता क्षेत्रका अगुवा स्रष्टा हुन् र कवितामा जस्तै उनले जीवन व्यवहारमा पनि जनयुद्धकै क्रममा आदर्श र निष्ठाका लागि बलिदान स्वीकार गरे। इच्छुकले कहिल्यै आडम्बर प्रदर्शन गरेनन्, पदप्रतिष्ठा प्राप्तिको लोभ गरेनन्, शक्तिका लागि नेतृत्वको अनावश्यक र अस्वीकार्य चाकडी गरेनन्, जीवनका लागि विरोधीसँग, राज्य पक्षसँग वा माओवादी भाषामा भनौँ दुस्मन वर्गसँग झुकेनन् । त्यसैले उनी लेख्तालेख्तै, लड्दालड्दै मारिए। शहीद भए। जनयुद्धमा सांस्कृतिक र सञ्चार क्षेत्रबाट सहादत प्राप्त गर्ने इच्छुक अगुवा लोकप्रिय नेता बने। इच्छुकले नेपाली जनताले भोगेको जीवनलाई धेरै नै निकटबाट अनुभूत गरेर सिर्जना गरे । विशेषतः उनको व्यक्तित्व कवि व्यक्तित्व हो र आस्था र निष्ठामा अविचल अघि बढ्दाबढ्दै सयौँ-हजारौँ शहीदका बलिदानका गाथा लेख्ने इच्छुक लेखेकै आरोपमा, आस्था नडगमगाएकै अरोपमा राज्यबाट मारिए र शहीद भए । *दार्बोटको जङ्गलमा* कवितामा इच्छुकले जनयुद्धको समयमा राज्यसत्ताले हत्या, आतङ्क र त्रासदीका माध्यमबाट उत्पन्न गरेको कुरूप यथार्थको सजीव चित्रण गर्दै प्रतिरोधी चेतना र युद्ध पक्षधर शक्ति माओवादी योद्धा तथा शहीदहरूको त्याग र शौर्यको जीवन्त प्रतिबिम्बन गरेका छन् :

*योद्धाजस्तै अग्ला वृक्षहरू*
*मोर्चा कसेझैँ अविचल उभिरहे*
*एकताको हातेमालो बाँधेर*
*लहराहरूले दृढताको मुट्ठी कसिरहे*
*सङ्गीनले नझुक्ने साहसका गुराँसहरू देखेर*
*बन्दुकहरू लाचार भएर गए*
*झिल्को निभाउन आएकाहरूले झनै आगो दन्काएर गए*
*दार्बोटको नाकाबाट सैनिकहरू नाजबाफ भएर गए।*

*(दार्बोटको जङ्गलमा,* ***इच्छुक रचनावली भाग*** *२, पृ. ७१-७२)*

प्रकृतिको मानवीकरण र युद्धको प्रकृतिकरण गरिएको यस कवितामा कविले युद्ध प्रभावित क्षेत्रमा पर्ने दार्बोटको जङ्गलका अग्ला वृक्षहरूलाई जनयुद्ध लडिरहेका योद्धाका रूपमा चित्रण गरेका छन् र युद्ध दबाउन जङ्गलसम्म पुगेका सत्ताका सैनिकका सामुन्ने मोर्चा कसेझैँ अविचल उभिरहेको चित्र प्रस्तुत गरेका छन्। जङ्गलका रूख र लहराहरूले एकताको हातेमालो बाँधेर दृढताको मुट्ठी कस्नु, सङ्गीनले नझुक्ने साहसका गुराँसहरू देखेर सत्ताका बन्दुकहरू लाचार भएर फर्किनु, विद्रोह अर्थात् जनयुद्धको झिल्को निभाउन दार्बोटको जङ्गलमा पुगेका सत्ताका सुरक्षाकर्मीहरू निहत्था मानिसलाई मारेर जनबस्तीमा झनै आगो दन्काएर फर्किनु यथार्थको प्रतिबिम्बन हो र इच्छुकले यस अवस्थाको जीवन्त चित्रण गरेका छन्।

जनयुद्ध सुरु भएपछि माओवादी प्रभावित बस्तीहरूमा राज्यआतङ्क बढ्यो । बस्तीहरूबाट पुरुषहरू भूमिगत भएर जङ्गल पसे। सरकारी प्रहरी र सैनिकहरूले वृद्धवृद्धा, बालबालिका, युद्धमा नलागेर घरै बसेका महिला, सर्वसाधारणमाथि माओवादीमा लागेका तिम्रा अभिभावक, श्रीमान्, खै भनेर सोध्ने, नदेखाउँदा युद्धलाई सघाएको आरोप लगाउँदै यातना दिने, हत्या र बलात्कार गर्नेसम्मका निन्दित र घृणित कार्यहरू गर्दै जङ्गलसम्म खोज्न पुगे। प्रहरी र सैनिकहरू बस्तीबस्ती हत्याअभियान चलाउँदै जङ्गलसम्म पुगेर सर्च अभियानका नाममा आतङ्क मच्चाएको अवस्था प्रतिबिम्बित गर्ने कविता हो *दार्बोटको जङ्गलमा* । माओवादी दबाउन गाउँबस्तीदेखि जङ्गलसम्म पुगेका सरकारी सुरक्षाकर्मीहरूले जङ्गलमा माओवादी नभेटेपछि गाउँबस्तीदेखि जङ्गलसम्म

अभिधात्मक अर्थमा बल्ने आगो र व्यञ्जना अर्थमा सत्ताको चरम आतङ्क र ज्यादतीमार्फत जनताको मनमा विद्रोहको आगो सल्काएर फर्किएको सन्दर्भ कवितामा बिम्बित छ।

*च) मान्छे जाऊ महान् शहीदका चिहानहरूमा*

गंगा श्रेष्ठको *मान्छे जाऊ महान् शहीदका चिहानहरूमा* कविता उनको *जूनको देशबाट* सङ्ग्रहमा सङ्कलित कविता हो। यस कवितामा श्रेष्ठले जनयुद्धका क्रममा सत्ताको बर्बरताबाट खण्डहर भएका बस्ती र सत्ताले गोली दागेर हत्या गरेका शहीदहरूको आदर्शहरूको बखान गरेका छन्। सत्यको बाटोमा हिँडेका मान्छेहरूलाई जनयुद्धको वास्तविक चित्र हेर्न शहीदहरूको बस्ती र उनीहरूको चिहानसम्म पुग्न आह्वान गर्दै श्रेष्ठ भन्छन् :

*मान्छे!*
*जाऊ ती महान् शहीदका चिहानहरूमा*
*क्रान्तिले जन्माएका पवित्र तीर्थस्थलहरूमा*
*जब तिमी प्रवेशद्वारमा पुग्नेछौ*
*भविष्य बोकेका दर्जनौं आँखाहरू*
*कठोर वर्तमानले चपाइएका*
*घाइते तर सुन्दर आत्माहरू*
*स्वागतार्थ प्रवेशद्वारमा उभिएका पाउनेछौ ... ...*
*खण्डहरको एउटा कुनामा*
*रगतमा डुबिरहेकी बलात्कृत नवप्रसुतालाई पाउनेछौ*
*रगतको आहाल नजिकै सालनाल सहितको*
*एउटा कलिलो आत्माले*
*चिच्याई चिच्याई तिमीसँग आमा माग्नेछ*
*अब तिमी खण्डहरको अर्को कुनामा जाऊ*
*जहाँ कन्याहरूका क्षतविक्षत नग्न देहले*
*तिम्रो रोएको आँखालाई फुल्याउनेछन्*
*तिम्रो पग्लिएको छातीलाई थुमथुम्याउनेछन्*
*र दिनेछन् तिमीलाई अघि बढ्न अमुक ढाडस।*

*(मान्छे जाऊ महान् शहीदका चिहानहरूमा,* ***जूनको देशबाट,*** *पृ. ३८-३९)*

श्रेष्ठले मुक्तियुद्धमा लामबद्ध हुँदै गरेका न्यायका पक्षधर मानिसहरूलाई आह्वान र सम्बोधन गर्दै सत्ताले बनाएको खण्डहर बस्ती र शहीदका चिहान, सन्तान गुमाएका आमाहरूको रोदन, क्रन्दन र करुणा, माया र शोकले पग्लिएका तिनका छातीहरूले युद्धमा ऊर्जा थप्दै अघि बढ्न प्रेरित गर्ने भन्दै युद्धले तहसनहस भएर पनि सुन्दर सपनाहरू सँगालेका बस्तीहरूको सजीव प्रतिबिम्बन गरेका छन्। उनले मान्छेहरूलाई सम्बोधन गर्दै पाइतालालाई पछाडि फर्कन नदिन, अगाडि धकेल्दै लग्न र भग्नावशेष, चिहानका पहाडहरू, रगतका छिर्काहरू, गिदीका घेल्काहरू, चिहानका पहाडहरूमा मासुका चोक्टाहरू, कङ्काल र अस्थिपञ्जरहरू भेटिने, यी अप्रिय दृश्यावलीहरूका माझ अनौठा बिम्बहरू पनि भेटिने र भरभराउँदा 'आत्मा' हरू पनि फेला पर्ने तर ती अनौठा बिम्बहरू अर्थात् शहीदका छायाहरूले निरन्तर क्रान्ति र मुक्तिको लक्ष्यसम्म पुग्न प्रेरित गर्ने भन्दै सत्ताआतङ्कका बाछिटा, प्रतिरोधी चेतना, जनयुद्ध सिर्जित नयाँ यथार्थ र वर्गसङ्घर्षको प्रेरक शक्तिको प्रतिबिम्बन सुन्दर ढङ्गले गरेका छन्।

*छ) दरौँदीको दर्द*

लोकेन्द्र विष्टको *रगतको इतिहास* सङ्ग्रहमा सङ्गृहीत कविता हो *दरौँदीको दर्द*। दरौँदी एउटा नदीको नाम हो र दरौँदी किनारमा तत्कालीन सत्ताका रक्षकद्वारा नृशंस बलात्कारपछि हत्या गरिएकी गोरखाली जनताकी प्रिय शिक्षिका र योद्धा कमला भट्ट र जनयुद्धमा युद्धको मैदानमा बलिदान गर्ने र सत्ताको निर्मम र क्रूर हत्याअभियानमा परी सहादत प्राप्त गर्ने महिला शहीदको स्मरण गर्दै लेखिएको कविता हो। महिलामाथि राज्यसत्ता, समाज, परिवार, घरभित्रकै पुरुषसत्ता सबै किसिमका शोषण, दोहन र अन्यायबाट विद्रोह गरेर महिला मुक्तिको अभियन्ता वा योद्धा बनेका महिलाहरूलाई सत्ताले कसरी तड्पाई तड्पाई हत्या गर्‍यो भन्ने यथार्थको सरल चित्रण कवितामा प्रतिबिम्बित विषय हो :

*अपहत भयो एउटा अस्मिता*
*डाँका, भोका गिद्ध र बहुला कुकुरद्वारा*
*लछारियो, पछारियो र घिसारियो*

*चुटाइखायो, पिटाइखायो र बलात्कृत भयो*
*महिला मुक्ति अभियानको एक सशक्त बिगुल*
*सर्वहारा मुक्ति आन्दोलनको एक रातो सिपाही*
*गोरखाली साना नानीहरूको एक प्यारो गुरुआमा*
*जसलाई हेरिरह्यो, रुँदैरुँदै दरौँदीले*
*सिनो झैँ फ्याँके पापिष्टहरूले*
*चिर्नसम्म चिरेर निर्दयी र निर्लज्ज करौँतीले*
*बुझ्दै जाऔँ, अब दरौँदीको दर्द*
*उठ्दै जाऔँ, उध्याउँदै कर्द।*
*(दरौँदीको दर्द, **रगतको इतिहास**, पृ. ३२)*

दरौँदीको किनारमा बलात्कारपछि हत्या गरिएकी एक शिक्षिका र योद्धाको हत्यामा विष्टको आहत मन हदैसम्म पग्लिएको छ र दरौँदीको छाती दुखेको, आँसु बगेको सन्दर्भ कवितामा छ। गोरखामै २०५२ साल फागुन १४ गते प्रहरीको गोली लागेर दिलबहादुर रम्तेल प्रथम शहीद भएको सन्दर्भसमेत उठाउँदै विष्टले चरम यातना र बर्बर प्रताडना दिएर बलात्कार र हत्या गर्ने सत्ताको हिसाबकिताब आफूले पनि राखिरहेको भनेर सत्ताका विरुद्ध प्रतिरोध र प्रतिशोधको ज्वाला दन्काएका छन्। जनयुद्धकालमा महिलामाथि राज्यका रक्षकहरूले भक्षक बनेर देखाएका निन्दित र घृणित क्रियाकलापको यो अवस्था दरौँदीमा मात्र नभएर देशभर रह्यो र २,५०० हाराहारी महिलाहरू सत्ताबाट शहीद बनाइए। यही सन्दर्भ विष्टले कवितामा चर्चा गरेका छन्।

*ज) गणेशपुर तिम्रो उत्सर्गकथा*

ईश्वरचन्द्र ज्ञवालीले गणेशपुरमा सहादत प्राप्त गर्ने योद्धाहरूको स्मृतिमा *हाम्रो रातो यात्रा* सङ्ग्रहमा *गणेशपुर तिम्रो उत्सर्गकथा* शीर्षकमा कविता लेखेका छन्। उनले वीरहरूको रगत नबग्दासम्म स्वतन्त्रता नजन्मिने, बलिदानबिना मुक्ति, क्षतिबिना प्राप्ति, सङ्घर्षबिना गति, विस्फोटबिना शान्ति र युद्धबिना परिवर्तन नहुने मार्क्सवादी मान्यताको प्रतिबिम्बन गरेका छन् :

*नबग्दासम्म वीरहरूको रगत*
*स्वतन्त्रता नजन्मिने रहेछ*
*बलिदानबिना मुक्ति*
*क्षतिबिना प्राप्ति*
*सङ्घर्षबिना गति*
*विस्फोट नभई शान्ति*
*र युद्धबिना परिवर्तन पनि नहुने रहेछ*
*आखिर राता मुना झपक्क हुन*
*रूखहरू उजाड हुनुपर्ने रहेछ*
*उराठ बनेर याम सिखिनुपर्ने रहेछ।*
*प्रिय राता मान्छेहरू!*
*रगतको मसीबिना नलेखिने रहेछ उत्सर्गकथा*
*नरित्तिए केहीका मुटुका धुकधुकी*
*करोडौँ हृदयमा प्राण नभरिने रहेछ*
*करोडौँका लासहरू ओछ्याएर मात्र*
*बन्ने रहेछ इतिहासको नवीन पथ*
*लाखौँ हृदयको त्यागको ज्योतिले*
*बल्ने रहेछ क्रान्तिको मशाल*
*(गणेशपुर तिम्रो उत्सर्गकथा, **हाम्रो रातो यात्रा**, पृ. २-३)।*

ज्ञवालीले यस कवितामा राता मुना झपक्क हुन रूखहरू उजाड हुनुपर्ने, उराठ बनेर याम सिखिनुपर्ने, रगतको मसीबिना उत्सर्गकथा नलेखिने, केहीका मुटुका धुकधुकी नरित्तिए करोडौँ हृदयमा प्राण नभरिने, करोडौँका लासहरू ओछ्याएर मात्र इतिहासको नवीन पथ बन्ने र लाखौँ हृदयको त्यागको ज्योतिले मात्र क्रान्तिको मशाल बल्ने भन्दै युद्धमा त्याग, शौर्य र बलिदान अनिवार्य र आवश्यक प्रक्रिया रहेको विचार व्यक्त गरेका छन्।

*भ) याङ्ग्रीको मृत्युमा*

पूर्ण विराम जनयुद्धकालीन प्रगतिवादी कवितामा मात्र नभएर समग्र प्रगतिवादी कवितामै स्थापित, सशक्त र सफल नाम हो । उनलाई इच्छुककै कोटीका प्रगतिवादी कवि मानिन्छ । जनयुद्धको समयमा कविता लेखेकै अभियोगमा शाही सेनाको कठोर हिरासत र यातना पचाएका कवि पूर्ण विरामले जनयुद्ध आरम्भ हुनुअघि पनि *गोविन्दले ठीक भन्यो* सङ्ग्रहका माध्यमबाट देशमा शक्तिशाली वर्गसङ्घर्ष उठ्नुपर्ने विचारसहितका कविता लेखेका थिए र जनयुद्धकालभरि सत्ताको कुरूप चरित्रका विरुद्ध र जनयुद्ध लडिरहेका योद्धा र शहीदले निर्माण गरेको क्रान्तिको बाटोका पक्षमा शक्तिशाली कविताहरू लेखेको पाइन्छ । *याङ्ग्रीको मृत्युमा* कविता पूर्ण विरामको *ए मेरो आदरणीय लेकाली फूल !* सङ्ग्रहमा सङ्गृहीत जनयुद्धकालीन कविता हो । यद्यपि उनका जनयुद्ध काल र त्यसपछि पनि युद्धकालीन गतिविधि प्रतिबिम्बित गर्ने *लड्न जन्मिएकाहरूले, पौवाकी पौवालीलाई* शीर्षक सङ्ग्रह प्रकाशित छन् । याङ्ग्री जनयुद्धमा सहादत प्राप्त गर्ने पहाडी योद्धा हुन् । सत्ता पक्षसँग कत्ति पनि नझुकी युद्धमैदानमा बन्दुकमा बारुद कोच्दाकोच्दै वीरगति प्राप्त गर्ने याङ्ग्री योद्धाहरूबिच पनि अब्बल योद्धा रहेको र आफूले उनको मृत्युमा धेरै आँसु बगाएको विषय उठाएर पूर्ण विरामले युद्धमा हाँसीहाँसी वीरगति प्राप्त गर्ने हजारौँ याङ्ग्रीहरूको त्याग, शौर्य, वीरता, समर्पण र बलिदानको प्रतिबिम्बिन गरेका छन् :

*याङ्ग्रीले आफ्नो हातमा सयपत्रीको मुठा बोकेको भए*
*किन उनको मृत्युमा निद्रा काट्थ्यो मेरो आँखाले*
*अँध्यारो मरेर अँध्यारै जन्मेको देशमा*
*ब्युटीपार्लरबाट स्याम्पोले नुहाएर*
*लथालिङ्ग याङ्ग्री निस्किने गरेको भए*
*किन उनको मृत्युमा शीतको थोपा चुहाउँथ्यो मेरो आँखाले*
*भीडहरूमा याङ्ग्रीको शरीर रेशमको ओढनीले छोपिने गरेको भए*
*किन उनको मृत्युमा आफ्नो निवासमा*
*बज्र खसेको अनुभूति हुन्थ्यो मलाई ।...*
*अँध्यारो मरेर अँध्यारै जन्मेको देशमा*
*सूर्य बोलाउनका निम्ति याङ्ग्रीले*
*बन्दुकमा बारुद कोच्न अल्छी गरेको भए*
*किन उनको मृत्युमा मेरो मुटुमा खाप्सियो*
*रोपिएको अनुभव मलाई हुन्थ्यो*
*याङ्ग्रीले अँध्यारो मरेर अँध्यारै जन्मेको देशमा*
*सूर्य बोलाउनका निम्ति लगातार बन्दुकमा बारुद कोचिरहिन्*
*उनले मृत्यु भोगेर मेरो आँखामा लगातार बादल कोचिरहिन्*
*धेरैले नापिसकेका छन् याङ्ग्रीको उचाइ*
*सगरमाथाभन्दा पनि हजार फिट अग्लो छ*

(*याङ्ग्रीको मृत्युमा,* ***ए मेरो आदरणीय लेकाली फूल !****, पृ. ४५*)

पूर्ण विरामले याङ्ग्रीले आफ्नो हातमा बन्दुक नबोकेर सयपत्रीको मुठा बोकेको भए उनको मृत्युको शोकमा आफ्ना आँखाले निद्रा नकाट्ने, ब्युटीपार्लरबाट स्याम्पोले नुहाएर याङ्ग्री लथालिङ्ग अवस्थामा निस्किने गरेको भए उनको मृत्युमा आफ्ना आँखाले शीतको थोपा नचुहाउने, भीडहरूमा याङ्ग्रीको शरीर रेशमका महँगा ओढनीले छोपिने गरेको भए उनको मृत्युमा आफ्नो निवासमा बज्र खसेको अनुभूति नहुने, सूर्य अर्थात् न्यानो-उज्यालो समय बोलाउनका निम्ति याङ्ग्रीले बन्दुकमा बारुद कोच्न अल्छी गरेको भए उनको मृत्युमा आफ्नो मुटुमा सियो रोपिएको अनुभव नहुने यथार्थ पस्किँदै उनले सूर्य अर्थात् नयाँ, उज्यालो दिन बोलाउनका निम्ति लगातार बन्दुकमा बारुद कोचिरहेको, आफूले मृत्यु भोगेर पनि कवि अर्थात् सहृदयी सहयोद्धाहरूको आँखामा लगातार पानी बर्साउने बादल कोचिरहेको यथार्थ प्रस्तुत गरेका छन् । याङ्ग्रीको मृत्यु अर्थात् बलिदान सगरमाथाभन्दा पनि हजार फिट अग्लो रहेको निष्कर्ष निकाल्दै कविले याङ्ग्रीलाई मृत्युपश्चात् मात्र आफूले नाप्नसकेकोमा पश्चाताप पनि गरेका छन् । पूर्ण विरामले कवितामा उल्लेख गरेकी याङ्ग्री केवल एक याङ्गी होइनन्, दिलमाया बम्जन पनि हुन्, कमला भट्ट, चुनु गुरुङ, शारदा श्रेष्ठ, मञ्जु कुँवर, चिनीमाया तामाङ, सुभद्रा सापकोटा, उषा, कुमारी, अम्बिका, ललीलगायत जनयुद्धका क्रममा बलिदान गर्ने पच्चीस सय हाराहारी याङ्ग्री हुन् । याङ्ग्रीहरू जनयुद्धले निर्माण गरेका नवीन बिम्ब हुन् । जनयुद्धका जननी हुन् ।

*ञ) पुष्पाञ्जली अर्पण देऊ*

गणेश भण्डारीको *आस्थाको निहारिकाबाट* सङ्ग्रहमा सङ्गृहीत कविता हो *पुष्पाञ्जली अर्पण देऊ*। यो जनयुद्धमा लड्दालड्दै राज्यबाट हत्या गरिएका शहीदको सम्मान र स्मृतिमा लेखिएको र श्रमिक जनताको मुक्तिका लागि वर्गयुद्धमा लड्दालड्दै शहीद भएका योद्धाप्रति समर्पित कविता हो। वर्गसङ्घर्षमा बलिदान गर्ने शहीदलाई अञ्जुलीभरि पुष्प अर्थात् फूल चढाउने इच्छा र भाव छ कविताको। सहयोद्धा युद्धमा शहीद भएपछि तिनको स्मृतिमा धेरै आँसु बगाएको र रोएर आँसु सुकाउन नसकेको, आँसु दिएर ब्युँताउन पनि नसकेको, सम्झेर पुनर्जीवन पनि दिन नसकेको भन्दै भण्डारीले कवितामार्फत एकातिर बिलौना र अर्कातिर आक्रोश प्रकट गरेका छन् :

*आँसु पोखेर आँखाको*
*न आँसु नै सुकाउन सकें*
*आँसु दिएर आफ्नो न तिमीलाई जियाउन सकें*
*प्रकाश दिएर जितको न कालीमै तोड्न सकें*
*जोश भरेर नशामा न लालिमा छर्न सकें*
*न सम्झेर तिमीलाई पुनर्जीवन नै दिन सकें।*
*सखे!*
*भो, मलाई बेसरी रुन देऊ*
*मनको विकार बेस्सरी आँसुले धुन देऊ*
*रोकिन देऊ, पख, मलाई एक छिन यहीँ नेर रोकिन देऊ*
*पोखिन देऊ, मलाई आँसु पोखिन देऊ*
*मलाई यस घडी*
*दुःखलाई सिरानी हालेर अलमस्त निदाउन देऊ*
*शोकलाई अङ्कमाल हालेर केही छिन सुस्ताउन देऊ*
*कमजोर हुन्छन् एक/दुई शोक बेहोर्नेहरू आँसुमा*
*थाक्छन्, गल्छन्, एक/दुई पीडा भोग्नेहरू शोकाग्निमा*
*हामी आँसुका महासागरका गोताखोरहरू*
*हामी पीडामय धावनका धावकहरू।*

(*पुष्पाञ्जली अर्पण देऊ,* ***आस्थाको निहारिकाबाट,*** *पृ. १००*)

लडाइँ विजयमा नपुगुन्जेल कहिले विछोड र पीडा, कहिले मिलन र खुसीका क्षणहरू आइरहन्छन्। विजयको खुसी मनाउँदा-मनाउँदै पराजय र विछोडका दुःख र पीडा आइलाग्छन्। सामान्य र स्वाभाविक वियोग-बिछोड पचाउन र स्वीकार्न सहज भए पनि असामान्य र अस्वाभाविक वियोग र पीडाले लामो समयसम्म बिथोलिरहन्छन्। भण्डारीले आफूलाई, युद्धका पक्षधर क्रान्तिकारी शक्तिलाई प्रियजनहरूको वियोगको पीडामा दुःखलाई सिरानी हालेर अलमस्त निदाउन र शोकलाई अङ्कमाल हालेर केहीछिन सुस्ताउन मन भएकाले युद्धसँग त्यही माग गरिरहेका छन्। यसो भनेर कविले योद्धाहरूलाई कायर र डरपोक होइन, नयाँ शक्ति र ऊर्जा थप्न पनि पीडालाई सामान्यीकरण गर्ने समयको माग हुने धारणा राखेका छन्। जीवनमा मात्र एक/दुई शोक बेहोर्नेहरू कमजोर हुने, थाक्ने, गल्ने तर क्रान्तिकारीहरू पीडा, वियोग र सन्तापबाट उत्पन्न हुने आँसुका महासागरका गोताखोरहरू भएकाले पीडामय धावनका धावकहरू अविचल, निरन्तर क्रान्तिकर्ममा लागिरहने भन्दै भण्डारीले एकातिर वियोग र पीडासँगै अर्कातिर त्यसले उत्पन्न गरेको विजय र उपलब्धिको ऊर्जालाई साथमा लिएर त्याग, शौर्य, अर्को बलिदान र विजयका लागि अग्रसर भइरहने नयाँ अवस्थाको प्रतिबिम्बन गरेका छन्।

*ट) प्रियजनहरू*

मणि थापा जनयुद्धमा भएको त्याग, शौर्य र बलिदानलाई प्रभावकारी रूपमा प्रतिबिम्बन गर्न सक्ने कवि हुन्। *बगिरहेको सुनकोसी* सङ्ग्रहमा सङ्गृहीत उनका *गमालीहरू* र *प्रियजनहरू* कविता जनयुद्धमा भएको त्याग, शौर्य र बलिदानले आममानिसको जीवनमा पारेको नयाँ प्रभाव, परिवर्तन, अवस्था र नयाँ यथार्थ प्रतिबिम्बन गर्न सफल देखिन्छन्। राजनीतिकै एउटा अङ्ग र प्रक्रिया हो वर्गयुद्ध। यो मानवचेतनाको उत्कर्षका साथै त्यागको उदात्तता पनि हो। *प्रियजनहरू* कवितामा थापाले युद्धविभीषिकाको सूक्ष्म र प्रभावकारी चित्र प्रस्तुत गरेका छन् :

*जहाँ छौं, आजका मितिसम्म*
*युद्धलाई अगाडि बढ़ाइरहेका छौं*
*युद्ध न हो, चिहान बनेर आउन सक्दछ*
*युद्ध न हो, बिहान बनेर आउन सक्दछ*

*तर, हामी चिहानमा बिहान रोपिरहेछौं*
*शहीद रोपेका छौं*
*तागत जोखेका छौं*
*र त,*
*यी वसन्तहरूमा हामीले जितेका छौ*
*(प्रियजनहरू,* ***बगिरहेको सुनकोसी,*** *पृ. ३७)*

वर्गसङ्घर्ष वर्गस्वार्थबाट प्रेरित हुन्छ। वर्गको विजयमा वर्गसङ्घर्ष साकार हुन्छ। तर वर्गसङ्घर्ष विजयी हुनका लागि हजारौंको रगत र शवबाट अघि बढ्नुपर्ने स्थिति उत्पन्न हुन्छ। त्यो रगत र शव दुस्मन वा शत्रु पक्षको पनि हुन सक्छ र आफ्नै, सहकर्मी, सहयोद्धाको पनि हुन सक्छ। यस्तो मृत्यु आफ्नै घरपरिवारका सदस्यको पनि हुन सक्छ र यस्तो अवस्था हजारौं नेपालीले जनयुद्धका क्रममा बेहोरेका पनि छन्। थापाले युद्धलाई सम्भावनाको खेलका रूपमा चित्रण गर्दै त्यो चिहान बनेर पनि आउनसक्ने र बिहान बनेर पनि आउनसक्ने अवस्थाको उल्लेख गरेका छन्। कवितामा आफूहरू चिहानमा बिहान रोपिरहेको, शहीद रोपिरहेको, आफ्नो र शत्रु पक्ष दुवैको तागत जोखिरहेकाले हारसँगै विजय प्राप्त भएको सन्दर्भ पनि उल्लेख छ।

## निष्कर्ष

राज्यसत्ता शोषक वर्गका पक्षमा, हातमा रहुन्जेल उसले कानून, सेना-प्रहरी, कर्मचारीतन्त्र, न्यायालय, धर्मशास्त्र, रीतिरिवाज, असामाजिक भ्रमहरूका माध्यमबाट विपन्न वा श्रमिक वर्गमाथि शोषण गरिरहेको हुन्छ, दासता लादिरहेको हुन्छ। शासकको शोषण गर्ने, जनतामाथि विभेद गर्ने, शासनसत्ता लाद्ने विभिन्न तरिकाहरू हुन्छन्। ती कुनै संविधान, कानून, ऐनका नाममा, कुनै चलन, परम्परा, संस्कार वा संस्कृतिका नाममा जनतामाथि लादिन्छन्। शासनसत्ताको एउटै मात्र उद्देश्य विभेदपूर्ण समाजमा कसैले न्यायको, समानताको माग नगरोस्, कसैले माग गरिहालेमा, विद्रोह वा क्रान्ति गरिहालेमा त्यसमाथि संविधान, कानून, परम्परा, हतियार, भय आदिका नामबाट दमन गरी अन्त्य गर्न सकियोस्। जनयुद्ध सत्ताद्वारा लादिएका शोषण, दमन, अन्याय, अत्याचार, विभेदका विरुद्ध मालेमावादी विचारद्वारा सङ्गठित, सचेत विद्रोह भएको हुनाले विद्रोह दबाउन सत्ता पक्षले विभिन्न किसिमका दमन र अफवाह वा भ्रमहरूको सहारा लिएको पाइन्छ। जनयुद्धकालीन प्रगतिवादी कविताहरूले जनयुद्धको समयमा जनताका पक्षबाट उठाइएका माग तथा मुद्दाहरू, माओवादी योद्धाहरूले गरेका गतिविधिहरूबाट उत्पन्न अवस्थामाथि दमनको सहारा लिएर गतिविधि निस्तेज पार्न र रोक्नका लागि गरेको प्रयास, त्यस क्रममा उत्पन्न सत्ताआतङ्क, भय, त्रासदी र त्यसबाट जनतामा उत्पन्न आक्रोश, घृणा र आवेगको सुन्दर प्रतिबिम्बन गरेका छन्।

जनयुद्ध मालेमावादी दर्शन र विचारलाई राजनीतिक कार्यक्रमहरूमा रूपान्तरित गरेर व्यवहारमा उतार्दा उत्पन्न भएको दुई वर्गका बिचको सङ्घर्ष अर्थात् वर्गसङ्घर्ष हो। वर्गसङ्घर्षमा जित हुँदा सर्वहारा वर्गले जित्ने र हार हुँदा सिङ्गो वर्गको पराजय हुने भएकाले जित हासिल गर्नु र त्याग, शौर्य, समर्पण र बलिदान बेहोरेर पनि विजय प्राप्त नभएसम्म निरन्तर लडिरहनु आवश्यक हुन्छ। अन्यायका विरुद्ध लड्नु चेतनशील मानवको अत्यावश्यक कर्म र दायित्व हो। चेतना, अनुभूति, कर्तव्यबोध नभएकाहरूलाई वर्ग, वर्गका बिचको सङ्घर्ष र वर्गसङ्घर्षबाट मात्रै उन्मुक्ति हुने बोध हुँदैन। बोध नै नभएपछि त्यस किसिमको मार्गमा हिँड्ने सवाल पनि हुँदैन। जनयुद्ध वगसङ्घर्षको आवश्यकताबोध भएपछि लडिएको वर्गसङ्घर्ष भएकाले जनयुद्धकालनि प्रगतिवादी कविहरूले जनतामा आएको चेतना, वर्गबोध र युद्धमा भएका त्याग, शौर्य र बलिदानीको प्रतिबिम्बन गरेको पाइन्छ।

## सन्दर्भ सामग्रीसूची

इच्छुक, कृष्ण सेन (२०५६), इतिहासको यस घडीमा।

इच्छुक, कृष्ण सेन (२०५७). बन्दी र चन्द्रागिरि, काठमाडौँ : अखिल नेपाल जनसांस्कृतिक संघ।

इच्छुक, कृष्ण सेन (२०६४). *इच्छुक रचनावली भाग १.* काठमाडौँ : इच्छुक सांस्कृतिक प्रतिष्ठान।

इच्छुक, कृष्ण सेन (२०६५). *इच्छुक रचनावली भाग २.* काठमाडौँ : इच्छुक सांस्कृतिक प्रतिष्ठान।

उप्रेती, विष्णुराज (२०६१). *नेपालमा माओवादी सशस्त्र द्वन्द्व, कारण, असर र समाधानका प्रयासहरू.* काठमाडौँ : भृकुटी एकेडेमी पब्लिकेसन्स।

कार्की, पुण्य (२०५४). *बाघले घाँस खायो.* काठमाडौँ : रेणुका कार्की।

ज्ञवाली, ईश्वरचन्द्र (२०६२). *हाम्रो रातो यात्रा.* काठमाडौँ : अखिल नेपाल जनसांस्कृतिक सङ्घ, विशेष क्षेत्र।

चलाउने, प्रभात र कुँवर, राजकुमार (सम्पा.) (२०६४). *शहीद हस्ताक्षर.* काठमाडौँ : शहीद सिर्जना संरक्षण अभियान।

चैतन्य (२०६४). *क्रान्ति र सौन्दर्य.* काठमाडौँ : प्रगतिशील अध्ययन केन्द्र।

चैतन्य (२०५७). *नेपाली प्रगतिवादी कवितामा क्रान्ति र कलाको सङ्गति. समकालीन नेपाली कविता.* काठमाडौँ : अखिल नेपाल जनसांस्कृतिक सङ्घ ।

ढकाल, घनश्याम (२०६३). *यथार्थ, युगचेतना र युवाकवि स्वर. कलम.* १५ (१), पृ. ४६–४७ ।

थापा, मणि (२०६६). *बगिरहेको सुनकोसी* (दोस्रो संस्क.). काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन प्रा.लि. ।

दाहाल, पुष्पकमल (प्रचण्ड) (२०५७, २०६३). *नेपाली क्रान्तिका समस्याहरू, भाग २, प्रचण्डका छानिएका रचना : १.* काठमाडौँ : प्रगतिशील अध्ययन केन्द्र ।

नव गाउँले (२०५७). समकालीन नेपाली कविता. *सलाम रक्तिम फूलहरूलाई.* काठमाडौँ : अखिल नेपाल जनसांस्कृतिक सङ्घ ।

ने.क.पा.माओवादीका ऐतिहासिक दस्तावेज, २०६४ ।

पाण्डेय, ताराकान्त (२०५४), द्वन्द्वरत वर्तमान र वर्तमानको कवितालेखन, *कलम,* ५ (२), पृ १५ ।

पूर्ण विराम (२०६४). *ए ! मेरो आदरणीय लेकाली फूल.* काठमाडौँ : अशोक सुवेदी ।

प्रधान, कृष्णचन्द्रसिंह (२००८). *भञ्ज्याङनिरै.* (भूमिका). काठमाडौँ : लेखक स्वयम् ।

भण्डारी, जगदीशचन्द्र (२०७५). *सौन्दर्यको अन्वीक्षण.* काठमाडौँ : मुन्नी भण्डारी ।

भण्डारी, गणेश (२०६२). *आस्थाको निहारिकाबाट.* पोखरा : पश्चिम क्षेत्र संयोजन समिति, अखिल नेपाल जनसांस्कृतिक सङ्घ ।

रिजाल, पुरुषोत्तम (२०७५). *माइला लामाका गीतमा जनयुद्धको अभिव्यक्ति.* काठमाडौँः कम्पन मिडिया प्रा.लि. ।

विरही, अञ्जान (२०५७). *समकालीन नेपाली कविता. हाम्रो एक थोपा रगत.* काठमाडौँ : अखिल नेपाल जनसांस्कृतिक संघ, केन्द्रीय समिति ।

विष्ट, लोकेन्द्र (२०६०). *रगतको इतिहास.* काठमाडौँ : अखिल नेपाल जनसांस्कृतिक संघ ।

शर्मा, अनिल (२०६०). *मनका खाडलहरू.* काठमाडौँ : चन्द्रागिरि प्रकाशन ।

श्रेष्ठ, गंगा (२०५७). *जूनको देशबाट.* काठमाडौँ : प्रगतिशील अध्ययन केन्द्र ।

श्रेष्ठ, अनिल (२०५५). *मृत्युपर्व होइन मेरो देश.* काठमाडौँ : पारिजात स्मृति पुस्तकालय ।

सुवेदी, अशोक (२०५५). *युद्धघोष.* काठमाडौँ : वर्षा सुवेदी ।

सुवेदी, अशोक (२०६२). *गाउँको रङ फेरिएको छ.* काठमाडौँ : शारदा वर्षा र विकास आचार्य ।

सुवेदी, अशोक (२०६२). *नयाँ समयका नयाँ मान्छेहरू.* काठमाडौँ : शारदा वर्षा र विकास आचार्य ।

सुवेदी, अशोक (२०६२). *नेपाली प्रगतिवादी कवितामा विद्रोहचेत.* काठमाडौँ : शारदा वर्षा ।

सुवेदी, अशोक (सम्पा.) (२०५८). *राजदरबार हत्याकाण्ड र परम्परागत राजतन्त्रको अन्त्य.* काठमाडौँ : नौलो बिहानी मासिक ।

सुवेदी, अशोक (सम्पा.) (२०७६). *बलिदान गाथा, जनक्रान्तिका महान् शहीद परिवार सङ्गठन नेपालको मुखपत्र.* काठमाडौँ : रातो खबर प्रकाशन गृह ।

सुवेदी, अशोक (सम्पा.) (२०६४). *आस्था र निष्ठाका सतिसाल कृष्ण सेन 'इच्छुक'.* काठमाडौँ : हितप्रसाद उपाध्याय जूनामाया सुवेदी साहित्य प्रतिष्ठान ।

सुवेदी, अशोक (सम्पा.) (२०६५). *नौलो बिहानी (सांस्कृतिक क्रान्तिका नायक कृष्ण सेन 'इच्छुक').* १२ (१) ।

सुवेदी, अशोक (सम्पा.) (२०६६). *जनगणतन्त्र र राष्ट्रियताका लागि सिर्जना अभियान.* काठमाडौँ : मार्क्सवादी साहित्य प्रतिष्ठान ।

सुवेदी, अशोक (सम्पा.) (२०६६). *दोरम्बा हत्याकाण्ड : मुक्तिका लागि बलिदान.* काठमाडौँ : हितप्रसाद उपाध्याय जूनमाया सुवेदी साहित्य प्रतिष्ठान ।

सुवेदी, अशोक (सम्पा.) (२०६८). *नौलो बिहानी (जनविद्रोहको यात्रा).* १५ (१) ।

सुवेदी, अशोक (सम्पा.) (२०६८). *प्रथम साहित्यिक शहीद कृष्णलाल अधिकारी र मकैको खेती.* काठमाडौँ : हितप्रसाद उपाध्याय जूनमाया सुवेदी साहित्य प्रतिष्ठान ।